जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १६९ २०७६ साल माघ २० गते सोमबार (3 Feb. 2020 Monday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : ठूला सञ्चारगृहका श्रमजीवी... ३ पृष्ठमा : प्रदेश २ सरकारको "बेटी पढाउ,. ३ पृष्ठमा : फिलिपिन्समा कोरोनाबाट ..

## तिलाठीमा कुस्ती प्रतियोगिता सुरु

## सहिद साकेतको स्मारक निर्माणका लागि आर्थिक सहयोग गर्ने : सामाजिक मन्त्री साह



**चन्दन कुमार यादव**
**राजविराज, १९ माघ ।**

प्रदेश २ का सामाजिक बिकास मन्त्री नवलकिशोर साहले सहिद साकेत चन्द्र मिश्रको स्मारक निर्माणको लागी १५ लाख बिनियोजन गर्ने प्रतिबद्धता जनाएका छन् ।

सरस्वती पुजाको अवसरमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ तिलाठीमा आइतबारदेखी सुरु भएको कुस्ती प्रतियोगिताको उद्घाटन गर्दै मंन्त्री साहले सहिद साकेतको सम्झनामा शालिक निर्माणका सो रकम दिने प्रतिबद्धता जनाएका हुन् ।

अन्य सहिद जस्तै साकेतलाई पनि सहिद घोषणा गर्न राज्यसँग माँग गर्दै मन्त्री साहले साकेतलाई शहिद घोषणा गर्न हरसम्भव सहयोग गर्ने जिकिर गरे ।

आयोजित प्रतियोगितामा नेपाल र भारतका गरी ३ जोडी महिला र १९ जोडी पुरूषबिच कुस्ती हुने सरस्वति पुजा समितिका निरज मुक्तीले जानकारी दिएका छन् ।

वडा अध्यक्ष दिनेश्वर मिश्रको अध्यक्षतामा आयोजित कुस्ती प्रतियोगितामा पुर्व सासंद रन्जु ठाकुर, राजपा सहमहासचिव जय प्रकाश ठाकुर, गाउपालिका उपाध्यक्ष सुचिता यादब, सहिद साकेतचन्द्र मिश्रका आमा

*बाँकी अन्तिम पृष्ठमा*

## सवारी दुर्घटना पाँच यात्रुको मृत्यु, १४ घाईते



**दैनिक समाचारदाता**
**सुनसरी, १९ माघ ।**

सुनसरीको रामधुनी नगरपालिका २ कृषी फर्म छेउमा आइतबार बिहान माइक्रो (हायस) र बस एक आपसमा ठोक्किदा पाँच जनाको मृत्यु भएको छ भने अन्य १४ जना यात्रुहरु घाईते भएका छन् ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको बा ५ ख ३१५७ नम्बरको हायस र बिपरीत दिशाबाट आउँदै गरेको ना ६ ख ७९५ नम्बरको बस एक आपसमा ठोक्किदा पाँच जनाको मृत्यु भएको हो ।

*बाँकी अन्तिम पृष्ठमा*

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि
गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज
फोन नं. : 031-522408/09

## आंशिक प्राध्यापकद्वारा क्याम्पस प्रमुख कक्षमा तालाबन्दी



**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

सम्पूर्ण आंशिक प्राध्यापकलाई करार गर्न माँग गर्दै नेपाल आंशिक प्राध्यापक संघ मविव क्याम्पस इकाई समिति राजविराजले आइतबार क्याम्पस

*बाँकी तीन पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४



## सम्पादकीय

## मानविय कार्यले भविष्यमा पनि निरन्तरता पाओस्

वितेको केही वर्षमा अत्याधिक चिसोका कारण सप्तरीमा कठ्याडग्रिएर दर्जनौं गरिब, निमुखा, असाय व्यक्तिको मृत्यु भएको थियो । सो घटना लगत्तै सम्बन्धित निकाय र सरोकारवालाहरुले कुनै पनि व्यक्ति चिसोबाट ज्यान गुमाउनु नपरोस् भन्दै न्यानो कपडा बितरण गर्ने अभियान नै चलाएको थियो भने ठाउँ ठाउँमा आगो ताप्ने व्यवस्था समेत मिलाएको थियो । र सो अभियानले यस वर्ष पनि निरन्तरता पायो । जसकारण यस वर्ष कुनै पनि त्यस्ता दुःखद घटना घट्न पाएन ।

यस वर्ष पनि हजारौं न्यानो कपडा बितरण भएको छ । सो कार्यमा विभिन्न सामाजिक संघ संस्था, सहकारी तथा गैससहरुले सहयोग गरेका छन् भने सरकारी स्तरबाट आगो ताप्ने व्यवस्था मिलाइएको थियो । कुनै पनि मानिसको जन्म भएदेखी नै उसले पाउनु सम्पूर्ण बाच्न पाउनु पर्ने अधिकार पाउनुपर्छ । यदी उसले आफ्नो स्तरबाट गर्न सकेनन् भने सरकारी निकायले न्युनतम अधिकार दिन सक्नु पर्दछ । यसरी कुनै पनि दैवी प्रकोप निम्तिएमा सम्पूर्ण मानवले नैतिकताको आधारमा सहयोग गर्नु पर्ने हुन्छ । अनिमात्र मानवअधिकारको अधिकार सुनिश्चित हुन्छ ।

दैवी प्रकोपबाट हुने क्षतिलाई न्यूनिकरण गर्न सम्पूर्ण नागरिकले आ-आफ्नो स्तरबाट सहयोग गरेर एउटा मानविय धर्मको पालना गर्नु पर्ने आवश्यकता रहेको छ । तसर्थ यस्ता मानविय कार्यलाई भविष्यमा समेत सहयोग मिल्ने अपेक्षा गर्नु अनुपयुक्त नहोला ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ठूला सञ्चारगृहका श्रमजीवी पत्रकार नै मर्कामा

काठमाडौँ, १९ माघ (रासस) ।

"तलब नपाएको कुरा सार्वजनिक गरौँ भने झन् नपाइएला भन्ने डर, चुप लागेर काम गर्दा व्यवस्थापनको ध्यान नपुग्ला भन्ने चिन्ता", एक निजी टेलिभिजनमा कार्यरत एक श्रमजीवी पत्रकारले नाम उल्लेख नगरिदिन आग्रह गर्दै भन्नुभयो, "आफूले काम गरेको क्षेत्र र संस्थाबारे नकारात्मक बोल्दा अप्ठ्यारो लाग्छ तर नियमित तलब नपाउँदा घर खर्च चलाउन कठिन भइसकेको छ ।"

सञ्चारमाध्यमको सङ्ख्यात्मक वृद्धिसँगै पत्रकारले रोजगारी पाउन सहजता त भएको छ तर कानूनले तोकेअनुसारको सेवा, सुविधा र शर्तको पालना नहुँदा व्यवस्थापन र श्रमजीवी पत्रकारबीच विभिन्न संस्थामा किचलो हुनेक्रम रोकिएको छैन । समयमा तलब नपाएपछि कतिपय सञ्चामाध्यमका पत्रकारले सार्वजनिकरुपमा आवाज उठाउन थालेका छन् । कतिपयले कानूनी उपचारको बाटो पनि लिएका छन् ।

'नागरिक' दैनिकमा कार्यरत पत्रकारले केन्द्रका पत्रकारको तीन महिना र जिल्ला समाचारदाताको १० महिनासम्मको तलब तथा पारिश्रमिक नपाएको भनी नौजना पत्रकारले यही माघ १६ गते नेपाल रिपब्लिका मिडिया प्रालिका अध्यक्ष तथा प्रबन्ध निर्देशकलाई दिएको ध्यानाकर्षणपत्र सार्वजनिक भएपछि ठूला सञ्चारगृहभित्र श्रमजीवी पत्रकार ऐन, २०५१ (पहिलो संशोधन २०६४) को कार्यान्वयनको दुरावस्था झल्काएको छ । सो दैनिकका सम्पादक गुणराज लुईटेलले यसबारे आफूले प्रतिक्रिया नदिने जनाउनुभयो भने सम्बन्धित व्यवस्थापन पक्षसँग सम्पर्क हुन सकेन ।

सरकारले ऐनबमोजिम गठित न्यूनतम् पारिश्रमिक निर्धारण समितिको सिफारिसका आधारमा गत वर्ष श्रमजीवी पत्रकारको विद्यमान तलबमानमा २५ प्रतिशत वृद्धि गरी सोबारे नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको थियो । 'कारोबार' दैनिकमा कार्यरत केही पत्रकारले विगतमा भएको सहमतिअनुसार सेवा, सुविधा वृद्धि नगरिएकामा सङ्घर्ष समिति नै गठन गरेर आवाज उठाउँदै आएका छन् ।

त्यहाँ कार्यरत पत्रकार धर्मेन्द्र कर्णले सरकारले वृद्धि गरेअनुसार सेवा सुविधा वृद्धिलगायतमा विगतको आन्दोलनको सहमतिअनुसार यो सातामा सल्टाउने भनिएकामा कार्यान्वयन नभएको र आफूहरु संवादका क्रममा रहेका बताउनुभयो । कारोबार दैनिक सञ्चालन गरिरहेको टिबिआई प्रकाशनका प्रशासन प्रमुख भरत चन्दले विगतको सहमती कार्यान्वयनको पक्रियामा रहेको र संस्थाको विनियमावली संशोधनपछि समस्या समाधान हुने बताउनुभयो ।

श्रमजीवी पत्रकारका यस्ता समस्याबारे प्रेस रजिष्ट्रार मानिने सूचना तथा प्रसारण विभागमा उजुरी दिने र अनुगमनमा कमजोरी भेटिए सरकारले दिने सुविधाबाट त्यस सञ्चारमाध्यमलाई वञ्चित गरिने सरकारी नीति छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले श्रमजीवी पत्रकार ऐनको कार्यान्वयनबारे विभागले अनुगमन गर्ने र उजुरी आएमा कारवाही गर्ने गरेको बताउनुभयो ।

विभागका प्रवक्ता ध्रुवकुमार पोखरेलले आफूहरुले ठूला सञ्चार गृहका श्रमजीवी पत्रकारले त्यहाँका सेवा, सुविधानका समस्याबारे उजुरी दिन थालेका भन्दै त्यसरी आएमा व्यवस्थापन पक्षलाई बोलाएर ध्यानाकर्षण गराइने जनाउनुभयो । उहाँले त्यसबाट समाधान नभएमा पीडित पक्षलाई पाएमा श्रम अदालतमा जाने अवसर हुने उल्लेख गर्नुभयो । उहाँका अनुसार ठूला मिडियाका बारेमा तलब नियमित नदिइएको, नियुक्तिपत्र नदिइएको, श्रमजीवी पत्रकार ऐनबमोजिमका सुविधा नदिइएको भनी उजुरी आउनेक्रम जारी छ ।

विभागले विसं २०७५ मङ्सिर १८ मा न्यूनतम् पारिश्रमिक कार्यान्वयन सम्बन्धमा २०७५ कात्तिक १ गतेदेखि २५ प्रतिशतसम्म वृद्धि गरिएको पारिश्रमिक लागू गर्न र बैंक खातामार्फत भुक्तानी दिन सबै सञ्चारमाध्यमलाई आग्रह गरेको थियो । सरकारी स्वामित्वका सञ्चारमाध्यमले उक्त निर्देशनलाई पहिलो चरणमै लागू गरेको पाइएको छ । नेपाल पत्रकार महासङ्घ प्रतिष्ठान प्रदेश कमिटीका अध्यक्ष शेखर अधिकारीले अधिकांश ठूला सञ्चारगृह र टेलिभिजनमा श्रमजीवी पत्रकारले नियमित तलब नपाएको र कानूनबमोजिमको सुविधा नपाएको पाइएकाले व्यवस्थापन पक्ष गम्भीर हुनुपर्ने बताउनुभयो ।

ऐनले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकारप्राप्त गरेको व्यक्तिबाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाइ पारिश्रमिक लिइ सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्तिलाई श्रमजीवी पत्रकारका रुपमा व्याख्या गरेको छ । यसमा सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिङ्गर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरामेन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता पत्रकारिता पेशासँग सम्बन्धित व्यक्ति पनि पर्छन् ।

ऐनबमोजिम श्रमजीवी पत्रकारले पाउनुपर्ने कुनै सुविधा वा रकम सञ्चार प्रतिष्ठानबाट नपाएमा वा व्यवस्थापकले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिमको कुनै काम नगर्दा कुनै श्रमजीवी पत्रकारलाई मर्कापरेमा त्यस्तो श्रमजीवी पत्रकारले पैँतीस दिनभित्र प्रेस रजिष्ट्रारसमक्ष उजुरी गर्नसक्ने व्यवस्था गरेको छ । उजुरी मनासिव ठहरेमा प्रेस रजिष्ट्रारले उजुरवालाको मागबमोजिमको कुनै सुविधा वा रकम वा अन्य कार्य सम्बन्धित सञ्चार प्रतिष्ठानबाट दिन वा गर्न लगाई जानीजानी दिनुपर्ने सुविधा वा रकम नदिएको वा गर्नुपर्ने काम नगरेको देखिएमा त्यस्तो व्यवस्थापकलाई रु एक हजारदेखि दुई हजारसम्म जरिवाना गर्न सक्नेछ ।

# उखुको पुरानो भुक्तानीमा किसानकै ढिलासुस्ती

महोत्तरी, १९ माघ (रासस) ।

मुलुकका विभिन्न भेगमा चिनी उद्योगले उखुको भुक्तानीमा अटेर गरेको गुनासो आइरहँदा महोत्तरीमा भने किसानकै ढिलासुस्तीले पुरानो भुक्तानी हुन नसकेको पाइएको छ । किसानले बैंक खाता उपलब्ध गराउन नसक्दा आंशिक रकम भुक्तानी बाँकी रहेको जिल्लाको रामनगरस्थित एभरेष्ट सुगर ऐण्ड केमिकल इण्डष्ट्रिज (बोलीचालीमा एभरेष्ट चिनी उद्योग) ले जनाएको छ ।

"हामीले बैंक खाता उपलब्ध गराउनुभएका सबै किसानको पुरानो बक्यौता खातामा पठाइ सकेका छौँ", उद्योगका महाप्रबन्धक कृष्णचन्द्र दासले भन्नुभयो, "केही किसानको बैंक खाता प्राप्त हुन बाँकी रहेकाले भुक्तानीमा समस्या भएको हो ।" बैंक खाता उपलब्ध हुनेबित्तिकै उद्योग भुक्तानीका लागि तयार रहेको दासको भनाइ छ । पुरानो भुक्तानीका लागि बैंक खाता खोल्ने र उद्योगमा खाता नम्बर उपलब्ध गराउने कार्यमा सहयोग गर्न किसान र किसानसम्बद्ध संस्थालाई आग्रहसमेत गरिएको दासले जानकारी दिनुभयो ।

यसपाली गत पुस १३ गते उखु क्रसिङ थालेको उद्योगले पुस २५ गतेसम्मको भुक्तानी दिएर अहिले दोस्रो पाक्षिकको रकम पनि धमाधम किसानको खातामा पठाउन थालेको छ । "हामीले क्रसिङ शुरु भए यता पहिलो पाक्षिक भुक्तानी पनि गरिसकेका छौँ", दासले भन्नुभयो,, "अब दोस्रो पाक्षिकको भुक्तानी पनि आइतबारबाटै किसानको खातामा जान थालेको छ ।"

उद्योगले सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र उखु किसानका प्रतिनिधिबीच भएको सहमतिअनुसार उद्योगमा बुझाइएको उखुको प्रत्येक १५/१५ दिनमा भुक्तानी दिन थालेको दासको भनाइ छ । उद्योगले यसपाली गत पुस २५ गतेसम्मको पहिलो पाक्षिकको भुक्तानी दिएर अहिले त्यसयता माघ ६ गतेसम्मको दोस्रो पाक्षिकको भुक्तानी धमाधम दिइरहेको जनाएको हो । गत पुस १३ गते क्रसिङ थालेको उद्योगले माघको दोस्रो सातासम्म १३ लाख क्विन्टल उखु क्रसिङ गरिसकेको छ ।

उद्योगले यसपाली भुक्तानीमा तदारुकता देखाएको जिल्ला उखु उत्पादक कृषक सङ्घले पनि स्वीकार गरेको छ । "उद्योगले गत वर्षको बाँकी रकमसँगै यसपालीको पनि पहिलो पाक्षिक भुक्तानी गऱ्यो", सङ्घका जिल्ला अध्यक्ष नरेशसिंह कुशवाहाले भन्नुभयो, "बैंक खाता नभएर भुक्तानी अल्झिएका किसानको बैंक खाता मिलाएर भुक्तानी माग्ने तयारी गरिएको छ ।" समयमा खेतीसम्बन्धी सुविधा र भुक्तानी नपाएर विरक्तिएका किसान उद्योगले देखाएको तत्परताबाट उत्साहित भएका कुशवाहा बताउनुहुन्छ ।

उद्योगबाट पाउनुपर्ने भुक्तानी पाइए पनि सरकारले दिने अनुदानवापतको रकम भने गत वर्षको पनि नपाएको सङ्घले जनाएको छ । "सरकारले अनुदानवापत प्रतिक्विन्टल ६५ रुपैयाँ २८ पैसा किसानलाई उपलब्ध गराउनुपर्ने हो", कुशवाहाले भन्नुभयो, "यसको झञ्झटिलो र खर्चिलो प्रक्रिया बनेको हुँदा किसान पनि रनभुल्ल परेका छन् ।" जिल्लामा गत वर्षको २१ लाख ३६ हजार क्विन्टल उखुको अनुदान किसानले नपाएका सङ्घले जनाएको छ ।

जिल्लाको मुख्य नगदेबाली मानिने उखुबालीको भुक्तानी समयमा नपाएका हुँदा बर्षेनी उखु खेती घट्दै आएको देखिन्छ । पछिल्लो तीन वर्षको उखुखेतीको अवस्था हेर्दा यसपाली उखुखेतीको क्षेत्रफल दुई वर्षअघिको भन्दा आधाले घटेको छ । विसं २०७४ मा १६ हजार ५०० बिघामा रहेको उखुखेती २०७५ मा ११ हजार र यसपाली २०७६ मा सात हजार ५०० बिघामा झरेको हो । यसपाली अहिले कटान भइरहेको मध्ये चार हजार ५०० बिघामा खुट्टी उखु रहेको हुँदा अर्को वर्ष उखुखेती झनै घट्ने कुशवाहा बताउनुहुन्छ ।

यसपाली उखुको भुक्तानी समयमै गर्न सरकारले देखाएको

*बाँकी तीन पृष्ठमा*

# प्रदेश २ सरकारको “बेटी पढाउ, बेटी बचाउ” अभियान सह्रानिय



**अमरनाथ मण्डल**

लैंगिक समान्ताको परिभाषा अनुसार छोराछोरीको समान हक र अधिकार छोरा जस्तो छोरीको माया गर्नु आमा लगायत समाज तथा देश प्रदेश सबैको अहम भुमिका र कर्तव्य रहेको सन्दर्भमा रुढीवादी परम्परा तथा छोरीछोरीको विभेदीकरण नीतिका कारण अहिले अधिकांश महिलाहरु न्यायको अनुभुति प्राप्त गर्न सकिरहेको छैन भने सन्दर्भमा राज्यबाट पनि छोराछोरीको समान अधिकार पाउनुपर्ने कानुनी व्यवस्था कार्यान्वयन गरेको सन्दर्भ देखि समाजमा छोरालाई मात्र पढाउने परिपाटीको विकसित हुँदै गईरहेको सन्दर्भमा केही दिन यता छोरीलाई पनि शिक्षा हासिल गराउनुपर्ने बुवा आमाको कर्तव्य रहेको सन्दर्भमा अहिले छोरीहरु पनि बुवा आमाको आर्शिवादबाट शिक्षा ग्रहणतिर उन्मुख देखिएका छन् । युग परिवर्तन सँगै लैंगिक समानताको अधिकार पनि प्रतिभुति पाएको सार्थक उद्देश्यमा अहिले छोरा छोरीको एकै विद्यालय एकै ठाउँ पढाउने अभिभावकहरु पनि तलिन देखिएको छ । नेपालको सन्दर्भमा पुराना रुठीबादीको आधारमा छोरी अर्का घर जाने मनोभावना ग्रसित अभिभावकहरुले छोरीलाई शिक्षा बाट बञ्चित गराई घरको कामकाज तथा बाख्रा चराउने, गाई चराउने, भैंसी चराउने र भान्सा कोठामा कार्य लगाउने जस्ता कामहरुमा मात्र सक्रिय बनाउन गलत मानसिकताले छोरीहरुको शिक्षा अवसरलाई बञ्चित बनाएको वर्षौ देखि अभिभावकहरुले गलत मानसिकताको सिकार बन्दै आईरहेका थिए । तर केही वर्ष यता छोरीलाई जति पढाए पनि त्यति नै कम दाइजो दिनुपर्ने तथा राम्रो घरमा विहे बर्त हुने राम्रो सुयोग्य केटा पाउने तथा छोरीले पनि आफ्नो खुट्टा माथि निर्भर हुने र आफ्नो भविष्यको सन्नतीहरुलाई राम्रोसित लालनपोषण गर्नको लागि शिक्षा छोरीलाई दिनुपर्ने आवश्यकता रहेको बुझाईहरु सर्वत्र सत्यको रुपमा अघि सरेका छन् ।

प्रदेश २ का सरकारले मधेशमा तथा प्रदेश २ मा दाइजो प्रथाको कुप्रथाले ग्रसित समाजलाई तथा छोरीलाई पनि समान शिक्षाको अवसर पाउनुपर्ने नैसर्गिक अधिकार रहेको सन्दर्भमा छोरी र छोरी दुवैको समान शिक्षा पाउनु नै देश र प्रदेशको हितमा सार्थक सिद्ध हुने र समाजमा न्यायायिक समानताको समान अधिकार पाउने उद्देश्यले बेटी बचाउ, बेटी पढाउ अभियानलाई अगाडी बढाई १ लाख रुपैयाँको बिमा प्रक्रियालाई थाल्नी गरेको सन्दर्भमा हालै प्रदेश २ का सरकार तथा मुख्य मन्त्रीका योजनाको आधारलाई सबल बनाउन अहिले विमा रकमको राशी शुल्क ३ लाख पुऱ्याउका छन् । मुख्य मन्त्री लालबाबु राउतले प्रदेश २ का स्थानीय निकायको सहयोग भए २० वर्षमा बिमा रकम २० लाख पुऱ्याउने उद्देश्य प्रदेश सरकारले लिएको निति प्रदेश सरकार अविलम्ब गरेको छ भने प्रदेश सरकारले विमा रकमको नीतिगत कार्यान्वयन गरी अगाडी बढाएकोले प्रदेश सरकारलाई धन्यवाद दिनुपर्ने अवस्थाको सिर्जना हुन्छ । अहिले छोरा र छोरीको समान अधिकारको कुरा सरकारी पक्ष, गैरसरकारी पक्ष तथा सामाजिक पक्षहरुबाट उठ्दै आएको बेला समाजमा अहिले पनि छोराछोरीको विभेद नीति कायमै रहेको देखिन्छ । अहिले पनि गलत मानसिकताको कारण छोरीलाई शिक्षाबाट बञ्चित राख्ने सन्दर्भमा ग्रामिण क्षेत्रका कतिपय अभिभावकहरुले छोरी पढेर के गर्ने त्यसलाई घरको कामकाज सँग फुर्सद हुँदैन भने गलत र नकारात्मक सोचको कारणले गर्दा छोरीहरु शिक्षाबाट बञ्चित बन्दै गईरहेको अहिले पनि देखिन्छ । तर लैंगिक समानताको कुरा समाजमा सामाजिक व्यवहारमा परिवर्तनको आभासहरु प्रर्याप्त मात्रामा भइरहेको देखिन्छ । अहिले पनि कतिपय अभिभावकहरुले छोरीलाई डाक्टर र ईन्जिनियर बनाउने तथा सरकारी निकायमा राम्रो पदमा जागिर खाने प्रेरितको साथ शिक्षा ग्रहण गर्न र गराउन तलिन देखिएका छन् । स्मरणरहोस् विश्वका परिवेशमा हेर्दा खेरी भारतका प्रधानमन्त्री समेत बनेका इन्द्रिागान्धी तथा हाम्रा देशका राष्ट्रपति विद्यादेवी भण्डारी लगायत कतिपय देशमा सरकार प्रमुख महिला नै रहेको इतिहासले देखाई सकेका छन् । महिलाहरु शिक्षा ग्रहण गरी सरकारी तथा गैरसरकारी पदहरुमा आशिन भई देश र समाजको विकासको उन्नतीमा सक्रिय भुमिका निर्वाह गरी राज्य र समाजलाई ठूलो योगदान पुऱ्याएका छ भने चिकित्सक पेशामा पनि प्रतिशतको हराहारीमा महिलाको सहभागिता देखिन्छ । त्यस्तै इलोटोनिक इन्जिनियरि सिभिल इन्जिनियर पाईलोट इन्जिनियरि, कम्प्यूटर इन्जिनियर लगायत वैज्ञानिकहरुमा महिलाहरुको सहभागिताका प्रतिशतको हराहारीमा कम छैन । राज्यको राजनैतिक स्तरमा पनि महिलाको सहभागिताको प्रतिशतमा दिनप्रतिदिन थपिरहेका छन् भने समाजिक न्यायको अनुभुतिको लागि न्याय परिषदमा पनि महिलाहरुको संख्या दिनप्रतिदिन बढिरहेको छ । स्थानीय निकाय प्रदेश सरकारमा पनि सभासदहरुको संख्या प्रतिशतको हराहारीमा बढि देखिरहेको छ । शिक्षाको क्षेत्रमा नेपाल टप गर्नेको संख्यामा महिलाहरुको प्रतिशत बढि रहेका छन् । यसबाट के पुष्टि हुन्छ भने छोरा छोरीको विभेदीकरणको अवस्था अबको परिवेशमा नदेखिएको सन्दर्भ लिएर छोरीको शिक्षा स्तरोन्नतीको बढ्नुले समाजलाई सकारात्क सोचतिर उन्मुख हुन अगाडी बढाई रहेका छन् ।

समाजमा दाइजो प्रथा तथा अनि सामाजिक कुरुती प्रथा लगायत लैंगिक हिंसाको सिकार अहिले पनि महिलाहरु भोगिरहेका छन् । यसको कारकतत्व समाजमा समानताको खाँचो देखिएको छ भने छोराछोरीको विभेदीक्रण तथा महिला र पुरुषमा विभेद कारकतत्व देखिन्छ । अहिले विश्व दिन प्रतिदिन प्रगतितिर उन्मुख भईरहेको सन्दर्भमा मानिसले चन्द्रमामा पुग्ने अठोट लिई बसेको सन्दर्भमा छोराछोरीको विभेद महिला र पुरुषको विभेद गर्नु आफू आफ्नो परिवार समाज, देशको हित सन्दर्भमा ठूलो घातक स्तर पुऱ्याउने अवस्थाको सिर्जना गर्नु तसर्थ छोराछोरीको विभेदीकरण अन्त्यको लागि छोरीलाई पनि छोरा जस्तो समान अवसर पाउनुपर्ने शिक्षाबाट छोरीले बञ्चित नहुनुपर्ने अवधारणा साथ प्रदेश २ का सरकारले ‘छोरीलाई पढाउ, छोरी बचाउ’ अभियानको सकारात्मक सोचलाई अगाडी बढाई शिक्षाको लागि विमा रकमको कार्यान्वयन अगाडी बढाउनु सकारात्मक सोचको मनोस्थितिलाई हामीले सम्मान गर्नुपर्ने अवस्था देखिन्छ । प्रदेश २ को सरकार तथा मुख्य मन्त्री योजनालाई हृदय मननले सर-धन्यवाद दिनुपर्ने अवस्था देखिन्छ । तसर्थ स्थानीय निकाय संघीय सरकारबाट पनि प्रदेश दुई को ‘छोरी पढाउ, छोरी बचाउ’ अभियानलाई सहयोग गर्नुपर्ने अवस्था देखिन्छ ।

धार्मिक ग्रन्थहरुमा पनि महिलालाई समान गरेको अवस्थामा रामायणमा पहिले सितालाई स्थान दिएको देखिन्छ । त्यसैकारण सिताराम शब्द सिता आउँछ । त्यस्तै महाभारतमा राधाकृष्ण भने शब्दहरु बढी उल्लेख गरिन्छ भने पहिले राधाको नामलाई स्मरण गरिन्छ । त्यसै कारण समाजमा पनि पहिले आमाको स्थानलाई सर्वोत्तम मानिन्छन् भने मानिसको पहिलेको गुरु पनि आमालाई मानिन्छ । समाजमा छोरा भन्दा पनि छोरीले आमाबुवालाई सेवा सत्कार गर्ने गरेको देखिन्छ भने दयाको महान पत्रको रुपमा आमालाई छोरीलाई तथा महिलालाई सार्थकको भुमिकामा अहिले पनि देखिएको छ । त्यसै कारण छोरा र छोरीको विभेदीकरण अन्त्यको लागि दाइजो प्रथा अन्त्यको लागि महिला हिंसा अन्त्यको लागि शिक्षामा समान अवसर छोरीले पाउनुपर्ने अवधारणाको लागि प्रदेश २ को सरकारले थालिएका ‘छोरी बचाउ, छोरी पढाउ’ जिवन विमालाई अहिले प्रदेश २ का जनताले सकारात्मक अनुभुतिको साथ स्वागत गरेका छन् ।

---

### आंशिक प्राध्यापकद्वारा...

प्रमुखको कार्यकक्षमा तालबन्दी गरेको छ ।

विगत लामो समयदेखी विभिन्न आन्दोलनका कार्यक्रमलाई अझ सशक्त रुपमा अगाडी बढाउने निर्णय अनुसार दबाब स्वरुप सो तालाबन्दी गरिएको नेपाल आंशिक प्राध्यापक संघ मविव क्याम्पस इकाई समितिका अध्यक्ष रणधीर कुमार कर्णले जनाएका छन् ।

उनले महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसले पुस २७ गते गरेको विज्ञापन रद्द गर्न माँग समेत गरे । अध्यक्ष कर्णले विगत १५ वर्षदेखी कार्यरत आंशिक शिक्षकहरुको बौद्धिक शोषण, आर्थिक शोषण र मानसिक शोषण पश्चात् पनि क्याम्पस प्रशासनले करारको ठोस प्रक्रिया अगाडी नबढाएकोमा गम्भिर आपत्ति प्रकट गरे ।

आन्दोलनका कार्यक्रम अनुसारनै माघ १० गते क्याम्पस प्रमुखलाई जानकारी पत्र बुझाएको र माघ १९ गते क्याम्पस प्रमुखको कक्षमा तालाबन्दी गरिएको उनले जानकारी दिँदै माघ २० गतेदेखी कक्षा बहिष्कार र २३ गते धर्ना कार्यक्रम गर्ने बताए ।

### उखुको पुरानो ...

तत्परतासँगै उद्योगले पनि तदनुरुप पहलकदमी लिएको किसान स्वीकार गर्छन् । यद्यपि तयार उखुको चाँडै भुक्तानी पाउने कुराले मात्र खेती फस्टाउन नसक्ने बर्दिवास-१२ का किसान रामविलास सिंह बताउनुहुन्छ । “खेतबारीको खनजोतदेखि नै उद्योग र किसानबीच समन्वय र सहकार्य बन्नुपर्दछ”, सिंहले भन्नुभयो, “बिउ, मल, गोडमेल र सिँचाइसम्मका कुरामा उद्योगका कृषि प्राविधिक किसानसँग सोझो सम्पर्कमा हुनपर्छ, खेतीमा आवश्यकपर्ने खर्चको निर्ब्याजी ॠण किसानले पाउनुपर्छ ।” अनि ऋसिङ पनि मङ्सिर दोस्रो सातादेखि खोल्नुपर्ने सिंहको थप भनाइ छ ।

## सर्लाहीमा सवारी दुर्घटनामा तीनको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, १९ माघ ।**

सर्लाहीमा भएको छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ भने र एक जना घाइते भएका छन् ।

बरहथवाको हिरापुरबाट मलङ्गवातर्फ आउँदै गरेको बिआर३०एच ६७९८ नं. को मोटरसाइकललाई नम्बर नखुलेको सवारी साधनले ठक्कर दिँदा दुई जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा मोटरसाइकल चालक मलङ्गवा २ निवासी २० वर्षीय उपेन्द्र साह सोनारको घटनास्थलमा र मोटरसाइकलको पछाडि बस्ने मलङ्गवा २ का २० वर्षीय राजेन्द्र यादवको जिल्ला अस्पताल मलङ्गवामा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै सर्लाहीको लालबन्दी नगरपालिका १६ भोर्लेनीस्थित रानीगञ्ज परवानीपुर भित्री सडकखण्डमा ना१९प २१६० नंको मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिँदा सोही नगरपालिका-१६ निवासी ७० वर्षीया जोककुमारी थापाको मृत्यु भएको छ ।

शनिबार साँझ ठक्करबाट गम्भीर घाइते भएकी थापाको उपचारका क्रममा लालबन्दीको हेल्थ केयर प्रालिमा मृत्यु भएको इलाका प्रहरी कार्यालय लालबन्दीले जनाएको छ ।

---

## विश्व समाचार

### फिलिपिन्समा कोरोनाबाट एकको मृत्यु, चीनमा मृत्यु हुनेको संख्या ३०४ पुग्यो

बेइजिङ, १९ माघ (रासस/एएफपी) ।

कोरोना भाइरसका कारण चीनबाहिर फिलिपिन्समा पहिलो व्यक्तिको मृत्यु भएको छ । विश्वभर त्रास फैलाएको कोरोना भाइरसबाट चीनमा मात्र मृत्यु हुनेको सङ्ख्या ३०४ पुगिसकेको स्वास्थ्य अधिकारीहरुले बताएका छन् ।

कोरोना भाइरस फैलन नदिन विश्वका धेरै मुलुकले चीनसँगको आवतजावतमा कडाइ गरिसकेका छन् । गत वर्षको अन्त्यतिर मध्य चीनको उहानबाट फैलिएको कोरोना भाइरस चीनमा मात्र १४ हजारमा सङ्क्रमित भएको छ भने विश्वका २४ मुलुकमा देखापरेको छ ।

चीनले उहानबाट भाइरस अन्यत्र फैलिन नदिन विशेष सतर्कता अपनाएको छ तर भाइरस फैलिन छाडेको छैन । चीन सरकारले उहानसमेत धेरै शहर बजारमा मानिसको आवतजावत रोक्नाका साथै सवारीसाधनहरु बन्द गरेको छ ।

विश्व स्वास्थ्य सङ्गठनले बिहीबारमात्र कोरोना भाइरसका कारण विश्व स्वास्थ्य सङ्कटकाल घोषणा गरेको छ । संयुक्तराज्य अमेरिका, अस्ट्रेलिया, न्युजिल्यान्ड र इजरायलले चीनबाट आउने व्यक्तिहरुलाई प्रवेश निषेध गरेका छन् भने आफ्ना नागरिकलाई पनि चीन भ्रमण नगर्न चेतावनी दिएका छन् ।

मङ्गोलिया र रसियाले सिमानाका बन्द गरेका छन् र पपुवा न्युगिनीले एशियाली मुलुकका हवाई वा बन्दरगाहबाट आउने जोसुकै व्यक्तिलाई प्रवेशमा रोक लगाएको छ । हाल कोरोना भाइरसको फैलने दरमा कमी आएको छ तर पूर्णरुपमा रोकिएको छैन । फिलिपिन्समा मृत्यु भएका व्यक्ति पनि उहानबाट गएका ४४ वर्षीय चिनियाँ नागरिक नै रहेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ ।

ती चिनियाँ नागरिकको मृत्यु भएको पुष्टि भएलगत्तै फिलिपिन्स सरकारले चीनबाट आउने विदेशी नागरिकको आवागमन बन्द गर्ने घोषणा गरेको छ । “चीनबाहिर कोरोना भाइरसका कारण व्यक्तिको मृत्यु भएको यो पहिलो घटना हो,” फिलिपिन्सका लागि विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधि रवीन्द्र अबेयासिङ्घेले बताउनुभयो ।

बेलायत, रसिया र स्विडेनले पनि यस साता कोरोना भाइरसका कारण आफ्ना नागरिक सङ्क्रमित भएको जनाएका थिए ।

चीनमा आइतबारसम्ममा कोरोना भाइरसका कारण ३०४ जनाको मृत्यु भएको चिनियाँ अधिकारीहरुले बताएका छन् । अघिल्लो दिनको तुलनामा थप ४५ जनाको मृत्यु भएको हो । चीनमा दुई हजार ५९० जना नयाँ रोगी पनि फेला परेका छन् जसका कारण कूल सङ्क्रमित व्यक्तिको सङ्ख्या १४ हजार ५०० पुगेको छ ।

सन् २००२/३ मा चीनमा फैलिएको सार्सभन्दा कोरोना भाइरसका बिरामी धेरै बढी देखिएका छन् । सार्सका कारण विश्वभर ७७४ जनाको मृत्यु भएको थियो । मृत्यु हुनेमा मुख्यतः चीन र हङकङका नागरिक थिए ।

व्यक्तिबाट व्यक्तिमा हावाबाट सर्ने भएका कारण यो भाइरस चाँडै फैलिने गर्दछ । त्यही कारण करिब एक करोड १० लाख जनसङ्ख्या भएको उहानमा जनवरी २३ देखि मानिसको आवतजावतमा कडाइ गरिएको छ । उहान शहर हुवेई प्रान्तको राजधानी शहर पनि हो । हुवेई प्रान्तका करिब पाँच करोड मानिस अहिले कोरोना भाइरसको त्रासमा बाँचिरहेका छन् ।

### चीनबाट ३२३ जना भारतीयको उद्धार

नयाँदिल्ली, १९ माघ (रासस/एएनआई) ।

एयर इन्डियाको दोस्रो विशेष विमानले चीनको उहानबाट ३२३ जना भारतीय र सातजना माल्दिभ्सका नागरिकको आइतबार उद्धार गरेको छ । कोरोना भाइरसका कारण उद्धार गरिएका कूल भारतीयको सङ्ख्या ६४७ जना पुगेको छ ।

उहानबाट आइतबार बिहान ३:१० मा उडेको एयर इन्डियाको विमान नयाँदिल्लीमा अवतरण गरेको थियो । आफ्ना नागरिकको उद्धार गर्न मद्दत गरेको भन्दै माल्दिभ्सका विदेशमन्त्री अब्दुल्ला शाहिदले ट्विटरमार्फत भारतीय प्रधानमन्त्रीप्रति आभार व्यक्त गर्नुभएको थियो ।

चीनको उहान कोरोना भाइरसका कारण सर्वाधिक जोखिममा रहेको छ । गत डिसेम्बरबाट फैलिएको यस भाइरसका कारण चीनमा मात्र ३०४ जनाको मृत्यु भइसकेको छ ।

चीनबाट उद्धार गरिएका अधिकांश व्यक्ति विद्यार्थी रहेका छन् । विश्व स्वास्थ्य सङ्गठनले कोरोना भाइरसको सङ्क्रमण व्यापक रहेकाले विश्व स्वास्थ्य सङ्कटकाल घोषणा गरेको छ ।

### चर्चमा भएको भागदौडका क्रममा २० को मृत्यु

नैरोबी, १९ माघ (रासस/एएफपी) ।

चर्चमा भएको आकस्मिक भागदौडका क्रममा तान्जानियामा कम्तीमा २० जनाको मृत्यु भएको छ । देशको उत्तरतर्फ रहेको चर्चमा भएको घटनामा परी उनीहरुको मृत्यु भएको सरकारी अधिकारीहरुले आइतबार जानकारी दिएका छन् ।

जिल्ला आयुक्त किप्पी वारीओबाले मोशी शहरमा भएको घटनामा परी मृत्यु हुनेको सङ्ख्या अझ बढ्ने खतरा रहेको बताउनुभयो । उहाँका अनुसार घटना शनिबार दिउँसो भएको हो ।

“घटनामा परी कम्तीमा २० जनाको मृत्यु भएको छ, अरू केही घाइते भएका छन् । घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेकाले मृत्यु हुनेको सङ्ख्या अझ बढ्न सक्ने देखिएको छ,” उहाँले एएफपीसँग भन्नुभयो । शनिबारीय साप्ताहिक प्रार्थनाका लागि भेला भएकाहरुको एकाएक भागदौड हुँदा च्यापिएर मृत्यु भएको वारीओबाले बताउनुभयो ।

तान्जानियाका मन्त्रीसमेत रहेका चर्चित पादरी बोनिफाक स्वाम्पोसाले प्रार्थनाको नेतृत्व गर्नुभएको थियो । उहाँले आफूलाई ‘ईश्वर दूत’का रुपमा व्याख्या गरिरहेका बेला भागदौड मच्चिएको प्रत्यक्षदर्शीले जनाएका छन् ।

# मोटरसाइकलसहित अवैध कुखुरा र चारजना प्रहरी नियन्त्रणमा



**दैनिक समाचारदाता**
**पर्सा, १९ माघ ।**

अवैध रुपमा भारतबाट नेपालतर्फ ओसार पसार गर्दै गरेको १ सय २५ कुखुरासहित तीन वटा मोटरसाइकल र चार जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

कुखुरासहित ना.६ प ८४०२, ना.६ प ७९९६, ना.२ प २६३०, ना.७ प ७७४१ र ग १ प ९०१५ नंम्बरको ५ वटा मोटरसाईकलमा सवार पर्सा बहुदरमाई गाँउपालिका वडा नं. १ बस्ने ३३ वर्षका रबि कुमार बानिया, पर्साकै पर्सागढी नगरपालिका वडा नं. ५ बहुअर्वा बस्ने ४३ वर्षका नसरुदिन मियाँ, २२ वर्षका तबरेज आलम र २० वर्षका सगिर आलमलाई प्रहरीले नियनत्रणमा लिएको हो ।

यता नियन्त्रणमा लिइएको कुखुरा, मोटरसाइक र चारै जनालाई आवश्यक कारवाहीको लागि बिरगंज भन्सार कार्यालयमा बुझाईएको प्रदेश प्रहरी कार्यालय जनकपुरले जनाएको छ ।

# सरस्वती पुजाको प्रसाद खाँदा ७० जनालाई फुड प्वाइजन

**दैनिक समाचारदाता**
**राजविराज, १९ माघ ।**

सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. ७ हरिपुरस्थित राष्ट्रिय प्राथमिक विद्यालयमा आयोजित सरस्वती पुजाको प्रसाद खाँदा ७० जना विद्यार्थी तथा अभिभावक बिरामी परेका छन् ।

पुजाको प्रसाद खाँदा उनीहरुलाई फुड प्वाइजन भएपछि प्राथमिक स्वास्थ्य केन्द्र हरिपुरमा उपचार भइरहेको छ ।

यता स्वास्थ्य संस्थामा बिरामीहरुको चाप बढेपछि सोही विद्यालयमै उपचार सुरु गरिएको छ नगरपीलकाका प्रमुख मुक्ति चौधरीले जानकारी दिएका छन् ।

उनका अनुसार नगरपालिकाका ११ वटै वडाका स्वास्थ्यकर्मी तथा जिल्ला स्वास्थ्य कार्यालय सप्तरीको टोली समेतले बिरामीको उपचार गरिरहेका छन् ।

## कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, १९ माघ ।**

पर्सा जिल्ला अदालतको फैसलाले ११ बर्ष कैद सजाय तोकिएको कर्तव्य ज्यान मुद्दाका फरार एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला पर्सा बहुदरमाई नगरपालिकावडा नं. ६ बस्ने ६० वर्षि चन्द्रिका राउत अहिरलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीले निजकै गाउँघरमा लुकिछिपि बसीरहेको अबस्थामा फेला पारी नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी सम्मानित पर्सा जिल्ला अदालतमा पठाएको जनाएको छ ।

## *तिलाठीमा कुस्ती ...*

चकलादेबी मिश्र, पुजा समितिका निरज मुक्ती लगायतले शुभकामना मन्तब्य दिएका थिए भने कार्यक्रम संचालन जितेन्द्र कुमार झाले गरेका थिए ।

तीन दिन सम्म चल्ने कुस्ती प्रतियोगितामा पर्यटन वोर्ड काठमाण्डौले समेत सहयोग गरेको जनाइएको छ ।

सहिद साकेतचन्द्र मिश्रको सम्झनामा तिलाठीवासीको सहयोगमा प्रत्येक बर्ष कुस्ती कार्यक्रमको आयोजना गरिदै आएको छ ।

सहिद साकेतलाई २०४२ साल अषार ७ गते तिलाठीस्थित आफ्नै घरबाटै तत्कालिन एसपी ईनदिवर सिँहको टोलीले बमकाण्डको आरोपमा पक्राउ गरेको थियो । तर, हालसम्म उनको अवस्था अज्ञातै रहेको छ ।

## *सवारी दुर्घटना ...*

सो दुर्घटनामा परि हायस चालक धार्दिङ बैरेनीका दिपक खड्का, हायसमा सवार झापा, भद्रपुर ५ की ६८ बर्षीया डोल कुमारी कोईराला, निजकै श्रीमान हेमराज कोईराला, झापा चन्द्रगढीकी १८ बर्षीय गरिमा गौतम र झापा भद्रपुर ७ का ४५ बर्षीय टंक प्रसाद काफ्लेको मृत्यु भएको ट्राफिक प्रहरी कार्यालय सुनसरी इटहरीले जनाएको छ ।

यस्तै दुर्घटनामा परी हायसमा सवार ११ तथा बसमा सवार तीन जनाको एपेक्स हस्पिटल ईटहरी, धरानको घोपामा र गोल्डेन अस्पताल बिराटनगरमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

यता बस र बस चालकलाई ईलाका प्रहरी कार्यालय पकलीले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

# भावपूर्ण श्रद्धाञ्जली



**स्व. सुरेन्द्र चौधरी**

सप्तरीको कञ्चनरुप नगरपालिकाका सह-लेखापाल **सुरेन्द्र चौधरी**को कार्यालयको कामले काठमाडौँ जाने क्रममा सिन्धुली जिल्लाको खनियाखर्क र सोलाभन्ज्याङको बीचको जंगलमा स्कारपियो दुर्घटनामा परी असमायिक निधन भएकोमा उहाँप्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजन प्रति ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना गर्दछौं ।

**स्थानिय तह कर्मचारी जिल्ला तदर्थ समिति सप्तरी, परिवार**













**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*